मिति २०७८ साल जेष्ठ १७ गते सोमबारका दिन दिउँसो ३ बजे रघुगंगा गाउँपालिकाका अध्यक्ष श्री भव वहादुर भण्डारी ज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक संख्या:- /२०७८ मा तपसिल वमोजिमको उपस्थितिमा देहाय वमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| सि.नं. | नाम,थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भव वहादुर भण्डारी | गाउँकार्यपालिका अध्यक्ष | | |
| २. | श्री कमला तिलिजा | गाउँकार्यपालिका उपाध्यक्ष | | |
| ३. | श्री विल वहादुर फगामी | गाउँकार्यपालिका सदस्य / १नं. वडा अध्यक्ष | | |
| ४. | श्री रिम वहादुर कटुवाल क्षेत्री | गाउँकार्यपालिका सदस्य / २नं. वडा अध्यक्ष | | |
| ५. | श्री जीवन कुमार मल्ल | गाउँकार्यपालिका सदस्य / ३नं. वडा अध्यक्ष | | |
| ६. | श्री एक वहादुर गर्बुजा | गाउँकार्यपालिका सदस्य / ४नं. वडा अध्यक्ष | | |
| ७. | श्री मन वहादुर शेरमन्जा | गाउँकार्यपालिका सदस्य / ५नं. वडा अध्यक्ष | | |
| ८. | श्री मन कुमार शेरपुजा | गाउँकार्यपालिका सदस्य / ६नं. वडा अध्यक्ष | | |
| ९. | श्री देउ प्रसाद पुन | गाउँकार्यपालिका सदस्य / ७नं. वडा अध्यक्ष | | |
| १०. | श्री गमान छन्त्याल | गाउँकार्यपालिका सदस्य / ८नं. वडा अध्यक्ष | | |
| ११. | श्री रिती थजाली | गाउँकार्यपालिका सदस्य | | |
| १२. | श्री यामकुमारी घर्ति गोतामे | गाउँकार्यपालिका सदस्य | | |
| १३. | श्री तोरण दर्जी | गाउँकार्यपालिका सदस्य | | |
| १४. | श्री धनमाया घताने | गाउँकार्यपालिका सदस्य | | |
| १५. | श्री विष्णुमति पुन | गाउँकार्यपालिका सदस्य | | |
| १६. | श्री साइना परियार | गाउँकार्यपालिका सदस्य | | |
| १७ | श्री अमृत सुवेदी | सचिव | | |
| १८ | | | | |
| १९ | | | | |

## मिति २०७८।०२।१७ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

प्रस्ताव नं १ समवेदना सम्बन्धमा,

प्रस्ताव नं २ पूर्व निर्णयको समीक्षा सम्बन्धमा,

प्रस्ताव नं ३ आइसोलेसन पूर्वाधार निर्माणका लागि प्रदेश र संघबाट प्राप्त रकम सम्बन्धमा,

प्रस्ताव नं ४ अस्थायी कोभिड १९ अस्पतालमा जनशक्ति व्यवस्थापन सम्बन्धमा,

प्रस्ताव नं ५ कोभिड १९ नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी/कर्मचारी प्रोत्साहन सम्बन्धमा,

प्रस्ताव नं ६ कोभिड १९ विरुद्धको खोप सम्बन्धमा,

प्रस्ताव नं ७ कोभिड अस्पतालमा निशुल्क उपचार सम्बन्धमा,

प्रस्ताव नं ८ सेवा प्रवाह सुदृढीकरण सम्बन्धमा,

प्रस्ताव नं ९ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन सम्बन्धमा,

प्रस्ताव नं १० राजश्व परामर्श समितिको प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं ११ आ.व २०७८/०७९ को नीति तथा कार्यक्रम र बजेट सम्बन्धमा,

प्रस्ताव नं १२ सुरक्षित नागरिक आवास कार्यक्रम सम्बन्धमा,

प्रस्ताव नं १३ विपद् पीडित/दीर्घरोगीलाई आर्थिक सहयोग सम्बन्धमा,

प्रस्ताव नं १४ बेसहारा/असहाय परिवारको लागि राहत सम्बन्धमा,

प्रस्ताव नं १५ विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना स्वीकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं १६ औद्योगिक ग्रामको प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची पारित गर्ने सम्बन्धमा,

प्रस्ताव नं १७ बहुआयामिक नमुना ग्रामको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा,

प्रस्ताव नं १८ समितिहरुको कार्यविधि सम्बन्धमा,

प्रस्ताव नं १९ विपद्ले क्षतिग्रस्त घरहरुको विवरण अनुमोदन सम्बन्धमा,

प्रस्ताव नं २० वडा नं ८ को विपद् व्यवस्थापन योजना सम्बन्धमा,

प्रस्ताव नं २१ शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि बमोजिम प्राप्त रकम सम्बन्धमा,

प्रस्ताव नं २२ साविक गाविसहरुको बेरुजु तथा सम्पति सम्बन्धमा,

प्रस्ताव नं २३ ढुंगा, गिटी, बालुवा तथा नदीजन्य पदार्थको उत्खनन् सम्बन्धमा,

प्रस्ताव नं २४ जिल्ला समन्वय समितिसँग सम्झौता गर्ने सम्बन्धमा,

भव बहादुर भण्डारी
अध्यक्ष

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस गाउँपालिकाका कार्यपालिका सदस्य श्री याम कुमारी घर्ती गोतामेका बुवा श्री मनविर कामीको ६५ वर्षको उमेरमा भएको स्वर्गारोहणले स्तब्ध बनाएको छ। यस दुखद् घडीमा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दै मृत आत्माको चीरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस पूर्व भएका सबै निर्णयहरु कार्यान्वयनको चरणमा रहेको पाइयो। जिल्लामा भएको निषेधाज्ञाको कारणले नयाँ ठेक्का सम्बन्धी कार्य अगाडि बढाउन नसकिएको र निर्माण सम्बन्धी कार्यहरु समेत प्रभावित रहेको पाइयो।

**निर्णय नं. ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा सामाजिक विकास मन्त्रालय गण्डकी प्रदेशबाट कोभिड १९ को उपचार व्यवस्थापनार्थ अक्सिजन सिलिण्डर सहितको कोभिड केयर यूनिट आइसोलेसन सेन्टर सञ्चालनका लागि संरचना तयार, अक्सिजन पाइपलाइन जडान, अक्सिजन सिलिण्डर खरिद, अक्सिजन कन्सन्ट्रेटर खरिद, अक्सिजन दिनका लागि फेस मास्क, पल्स अक्सिमिटर, विरामी शैया व्यवस्थापनको लागि निकासा भएको रु ५,००,०००/– (पाँच लाख) र नेपाल सरकारबाट कोभिड १९ को रोकथाम नियन्त्रण र उपचारका लागि २० शैयाको Isolation ward र १० शैयाको Pre Isolation Ward निर्माण गर्न सशर्त अनुदानको रुपमा वित्तीय हस्तान्तरण भएको रु २५,००,०००/– (पच्चीस लाख) रकमबाट तत्काल खरिद गर्नुपर्ने सामग्रीहरुको विवरण तयार गर्न कोभिड अस्पतालका मेडिकल अधिकृत र स्वास्थ्य संयोजकलाई जिम्मेवारी प्रदान गर्ने र निजहरुबाट पेश हुन आए अनुसारका सामग्रीहरु तत्काल खरिद तथा व्यवस्थापन गर्ने।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा अस्थायी अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी/कर्मचारीले विहान बेलुका तथा रातको समयमा समेत विरामी हेर्नुपर्ने भई निजहरुलाई मिति २०७८।०१।२४ देखि पिप्ले स्वास्थ्य चौकीमा बस्ने गरी खानाखाजाको समेत व्यवस्था गरिएकाले सो को अनुमोदन गर्ने तथा महामारी नियन्त्रण नहुँदासम्म यो व्यवस्थालाई निरन्तरता दिने। साथै संक्रमणको अवस्थालाई हेरी आवश्यक जनशक्ति करारमा नियुक्ति गर्ने।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भव बहादुर भण्डारी
अध्यक्ष

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा कोभिड १९ को प्रभाव बढीरहेको वर्तमान विषम परिस्थितिमा स्वास्थ्यकर्मी तथा कर्मचारी प्रोत्साहन सम्बन्धमा देहाय बमोजिम गर्ने :

क) कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचारमा खटिने स्वास्थ्यकर्मी तथा कर्मचारीहरु र व्यवस्थापकीय क्षेत्रमा खटिने कर्मचारीहरुलाई ५० प्रतिशत भत्ता थप गर्ने नेपाल सरकारले निर्णय गरिसकेको छ। उक्त निर्णय बमोजिम हुन आउने खर्च समयमा नै प्राप्त हुन नआएमा गाउँपालिकाले भुक्तान गरी शोधभर्ना माग गर्ने।

ख) गाउँपालिकामा कोभिड १९ को रोकथाम, नियन्त्रण र उपचारमा खटिँदा कोभिड १९ बाट संक्रमित हुन पुग्ने स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको आवश्यक उपचार गाउँपालिकाले गर्ने। साथै पोषण भत्ता वापत एकमुष्ठ रु २००००/– (बीस हजार) उपलब्ध गराउने।

ग) माथि जे सुकै लेखिएको भएता पनि कोभिड रोकथाम, नियन्त्रण र उपचारका लागि अस्थायी कोभिड अस्पतालभन्दा बाहिर खटिने स्वास्थ्यकर्मीहरुलाई ख बमोजिमको सुविधा मात्र प्रदान गर्ने।

घ) माथि जे सुकै लेखिएको भएता पनि कोभिड अस्पतालका मेडिकल अधिकृतको हकमा २०७८ जेठ १ गतेदेखि २०७८ कार्तिक मसान्त सम्मको लागि मासिक तलव स्केल रु ४०३८०/–, स्थानीय भत्ता रु ३७५०/–, महंगी भत्ता रु २०००/– र प्रोत्साहन भत्ता रु १११०००/– गरी एकमुष्ठ रु १५७१३०/– मासिक रुपमा उपलब्ध गराउने तथा यो अवधिमा एक पटक तलव स्केल बराबरको चाडवाड खर्च उपलब्ध गराउने।

ङ) गाउँपालिकाले नि:शुल्क रुपमा व्यवस्था गरेको एम्बुलेन्स (भाडाको समेत) चालक २ जनाको हकमा ख बमोजिमको सुविधा प्रदान गर्ने। साथै गाउँपालिकाबाट नियमित तलब भत्ता प्राप्त गर्ने (भाडाको बाहेक) चालकको हकमा २०७८ बैशाख २० गतेदेखि लागू हुने गरी कोभिड महामारीको अवस्था रहँदासम्मको लागि मासिक तलबमा शतप्रतिशत वृद्धि गर्ने।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा कोभिड १९ को संक्रमणबाट ज्यान गुमाउनु परिरहेको वर्तमान चुनौतिपूर्ण र जोखिमपूर्ण अवस्थामा गाउँपालिका भित्रका खोप लगाउन योग्य सबै व्यक्तिहरुलाई कोभिड १९ विरुद्धको खोपको यथाशिघ्र व्यवस्था गरिदिन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा अनुरोध गर्ने । नेपाल सरकारको तर्फबाट नै खोप लगाइने सुनिश्चितता नभएमा गाउँपालिकाको व्ययभार हुने गरी खोप लगाउनका लागि आवश्यक व्यवस्था गरिदिन/ खोपको आपूर्ति गरिदिन/ खोपको अनुमति दिन समेत अनुरोध गर्ने र अन्य योजना तथा कार्यक्रमहरु कटौति गरेर भएपनि खोप लगाउनका लागि बजेट व्यवस्थापन गर्ने।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँपालिकाको कोभिड अस्थायी अस्पतालमा निशुल्क उपचारको व्यवस्था गरिँदै आएकोमा सोही व्यवस्थालाई निरन्तरता दिने। साथै संक्रमितहरुलाई आयूर्वेदिक र चिकित्सकको सुझाव बमोजिमका एलोप्याथिक औषधिहरु निशुल्क रुपमा घरघरमा पुर्याउने।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भव बहादुर भण्डारी
अध्यक्ष

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा गाउँ कार्यपालिकाको कार्यालय र मातहतका वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवाहरुप्रति सेवाग्राहीले अधिकतम सन्तुष्टी प्राप्त गर्ने गरी सेवा प्रवाहलाई सुदृढीकरण गर्ने। यसका लागि सेवाग्राहीमैत्री व्यवहार, सेवाको लागत कटौती, गुनासोको समयमा नै फछ्र्यौट, शाखाहरु/कार्यालयमा वैकल्पिक व्यवस्था, सेवाग्राही सन्तुष्टी सर्वेक्षण जस्ता उपाय अवलम्बन गर्नुका साथै प्रविधिमैत्री सेवा प्रवाहको प्रबर्द्धन गर्ने। २०७७ पौष १ गतेदेखि प्रयोगमा ल्याईएको अनलाइन/अफलाइन राजश्व व्यवस्थापन प्रणाली राजश्व संकलन, विश्लेषण तथा प्रतिवेदनका लागि उच्च प्रभावकारी रहेकाले यसको पूर्ण प्रयोग गर्ने।

**निर्णय नं ९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन कार्यविधि अनुसार आ.व २०७६/०७७ को मेनुअल रुपमा मुल्याङकन गरि २०७७।०९।०८ को कार्यपालिका बैठकबाट पारित तथा २०७७।०९।१० को गाउँसभामा छलफल गरिएकोमा हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार पारिएको सफ्टवयेरमा प्रविष्टी गर्दा प्राप्त हुन आएको कुल अंक ५०.२५ अनुमोदन गर्ने । आगामी दिनमा पूर्ण अंक प्राप्ति तर्फ उन्मुख हुने ।

**निर्णय नं १०**

प्रस्ताव नं १० माथि छलफल गर्दा आगामी आ.व २०७८/०७९ का लागि करका दायरा र दर विस्तार सहित १०००३०००/- आन्तरिक आम्दानीको रुपमा प्राप्त हुन सक्ने राजश्व परामर्श समितिबाट प्राप्त प्रतिवेदन स्वीकृत गर्ने। सोही प्रक्षेपणलाई आधार मानी बजेट सीमा निर्धारण गर्न स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिलाई उपलब्ध गराउने।

**निर्णय नं ११**

प्रस्ताव नं ११ माथि छलफल गर्दा आगामी आ.व २०७८/०७९ को लागि संघ र प्रदेश सरकारबाट राजश्व बाँडफाँड र वित्तीय समानीकरण अनुदानका रुपमा प्राप्त हुने बजेट सीमा प्राप्त भइसकेको तथा विशेष, समपुरक र सशर्त अनुदानका रुपमा प्राप्त हुने बजेट सीमा प्राप्त हुन बाँकी रहेको छ । कोभिड १९ को महामारी नियन्त्रण गर्नेतर्फ ध्यान केन्द्रित गरी स्वास्थ्य सेवामा नागरिकको सहज पहुँच हुने, युवा पलायन हुनबाट रोक्ने, रोजगारी र स्वरोजगारी सिर्जना गर्ने, आर्थिक सामाजिक रुपान्तरण गर्ने, पूर्वाधार विकास, मानव विकास, लैंगिक हिंसा न्युनीकरण गर्ने, कृषि र पशु क्षेत्रमा व्यापक आधुनिकीकरण गर्ने जस्ता योजनाहरु सहितको नीति कार्यक्रम र बजेट निर्माण गर्नका लागि बस्तीस्तरका योजनाहरु संकलन गर्ने तथा मागमा आधारित बजेट तर्जुमा गर्ने। हालसम्म प्राप्त रकम देहाय बमोजिम रहेको समेत जानकारी भयो।

| | |
|---|---|
| संघ समानीकरण अनुदान | ८३४००००० |
| संघ राजश्व बाँडफाँड | ७६५३६००० |
| प्रदेश समानीकरण | ८९७१००० |
| प्रदेश राजश्व बाँडफाँड | ५५९९००० |

**निर्णय नं. १२**

प्रस्ताव नं. १२ माथि छलफल गर्दा चालु आ व २०७७।०७८ मा कार्यान्वयन हुने सुरक्षित नागरिक आवास कार्यक्रमका लागि मिति २०७७।०५।२६ देखि २०७७।०६।१५ सम्म प्रथम पटक र मिति २०७७।०८।२८ देखि २०७७।०९।०७ सम्म दोस्रो पटक सुचना प्रकाशन गरी निवेदन संकलन गरिएकोमा सुरक्षित नागरिक आवास कार्यक्रम कार्यविधि बमोजिमको सुरक्षित नागरिक आवास समन्वय समितिको निर्णय अनुसार प्राविधिक सर्वे सम्पन्न गरि प्राथमिकताक्रम निर्धारण हुन आएको छ। सो सम्बन्धमा सम्भावित लाभग्राहीहरु छुट हुन सक्ने अवस्थालाई मध्यनजर गरी पुन ७ दिनको समय दिई सुचना प्रकाशन गर्ने र थप हुन आएका नामावलीहरु समेतको सर्वे गरी कायम हुन आउने प्राथमिकताक्रम अनुसारका निवेदकहरुको घरलाई सुरक्षित आवासका रुपमा निर्माण गर्न सम्झौता गर्ने।

**निर्णय नं. १३**

प्रस्ताव नं. १३ माथि छलफल गर्दा वडा नं २ निवासी तपसिल बमोजिमका व्यक्तिहरु विपद् पीडित रहेको तथा दीर्घरोगबाट पीडित रहेकाले देहाय बमोजिम सहयोग उपलब्ध गराउने ।

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | ठेगाना | रकम | कारण | संलग्न कागजात |
|---|---|---|---|---|---|
| १ | बिश्र बहादुर भण्डारी | रघुगंगा– ०२ | जाली उपलब्ध गराउनुपर्ने | मिति २०७८।०१।१५ मा परेको अविरल वर्षाले घर अगाडिको भाग भत्किएको | वडा कार्यालयको सिफारिस, प्रहरी सर्जमिन मुचुल्का |
| २ | पूर्ण बहादुर भण्डारी | रघुगंगा– ०२ | जाली उपलब्ध गराउनुपर्ने | कृषि तथा पशुपंछी फर्म भत्किएर माछापालन बहुउद्देश्यिय फर्ममा क्षति | वडा कार्यालयको सिफारिस, प्रहरी सर्जमिन मुचुल्का |
| ३ | भोलानाथ रिजाल | रघुगंगा– ०२ | रु २५००० | मिति २०७८।०१।१४ मा अचानक आगो लागि भई एक हल गोरू, सिचाई पाइप, २ थान मोटरसाइकल र घर नष्ट | वडा कार्यालयको सिफारिस, प्रहरी सर्जमिन मुचुल्का |
| ४ | गोकर्ण परियार | रघुगंगा– २ | रु १५००० | क्यान्सर पीडित | उपचारका कागजातहरु |

**निर्णय नं १४**

प्रस्ताव नं १४ माथि छलफल गर्दा कोभिड १९ बाट रोजगारी गुमाएका, काम गर्न सक्ने अर्को व्यक्ति नभएका, बेसहारा/असहाय अवस्थामा रहेका र छाक टार्न समस्या भएका परिवार पहिचान गरी वडा कार्यालय मार्फत तथ्यांक संकलन गरी गाउँ कार्यपालिकामा पठाउने। अत्यन्त नाजुक अवस्था भएका परिवारहरुलाई मात्र राहत उपलब्ध गराउने।

अमृत सुबेदी
प्रशासकीय अधिकृत

भव बहादुर भण्डारी
अध्यक्ष

**निर्णय नं. १५**

प्रस्ताव नं. १५ माथि छलफल गर्दा मिति २०७७।१०।१८ को कार्यपालिका बैठकबाट निर्णय भई कार्य प्रक्रिया अगाडि बढी रेडक्रस सोसाइटी म्याग्दी मार्फत रु १६२०००/– लागतमा तयार गरिएको रघुगंगा गाउँपालिकाको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७ पारित गरी कार्यान्वयनमा ल्याउने।

**निर्णय नं १६**

प्रस्ताव नं १६ माथि छलफल गर्दा औद्योगिक ग्राम निर्माणका लागि तयार भएको विस्तृत परियोजना प्रतिवेदन अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नका लागि कार्यसूची स्वीकृत गर्ने।

**निर्णय नं. १७**

प्रस्ताव नं. १७ माथि छलफल गर्दा मिति २०७७।०८।१८ को कार्यपालिका बैठकको निर्णय नं ३ बाट महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको च.नं रा.म.उ.इ ६६, मिति २०७७।०७।०३ को पत्रानुसार यस गाउँपालिकाको वडा नं ७ चिमखोलाका दलित, जनजाती समुदायलाई लक्षित गरी बहुआयामिक नमूना ग्रामको रुपमा स्थापना र सञ्चालन गर्न सक्ने गरी सिफारिश भएको सन्दर्भमा उक्त अवधारणामा आधारित भई बहुआयामिक नमूना ग्राम घोषणाका लागि आवश्यक लागत अनुमान सहितको DPR (Detailed Project Report ) तयार गर्ने निर्णय भई परामर्श सेवा मार्फत कार्य प्रक्रिया अगाडि बढी बारबरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी मार्फत रु १४ लाख रुपैयाँमा तयार गरिएको बहुआयामिक नमूना ग्राम, चिमखोलाको विस्तृत परियोजना प्रतिवेदन स्वीकृत गर्ने। राष्ट्रपति महिला उत्थान कार्यक्रम, बहुआयामिक नमूना ग्रामको अवधारणा पत्रको ३ नं बमोजिमका सबै सूचकहरु हासिल हुने गरी रु. ९६,६४,०३,९८३/– को लागत सहितको विस्तृत परियोजना प्रतिवेदन तयार भएकोले बहुआयामिक नमूना ग्राम घोषणाका लागि आवश्यक सिफारिस गरिदिन सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशमा अनुरोध गर्ने। साथै विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख भए बमोजिमको बजेट विनियोजनको व्यवस्था सहित बहुआयामिक नमूना ग्राम घोषणाको व्यवस्था गरिदिन महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा अनुरोध गर्ने।

**निर्णय नं १८**

प्रस्ताव नं १८ माथि छलफल गर्दा तपसिल बमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने।

क) लेखा समितिको कार्य सञ्चालन कार्यविधि, २०७८

ख) बजेट तथा कार्यक्रम तर्जुमा समितिको कार्य सञ्चालन कार्यविधि, २०७८

ग) राजस्व परामर्श समितिको कार्यसञ्चालन कार्यविधि, २०७८

घ) अनुगमन तथा सुपरिवेक्षण समितिको कार्य सञ्चालन कार्यविधि, २०७८

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भव बहादुर भण्डारी
अध्यक्ष

**निर्णय नं १९**

प्रस्ताव नं १९ माथि छलफल गर्दा शिक्षण सिकाइ अनुदान व्यवस्थापन कार्यविधि, २०७७ बमोजिम प्राप्त रकम रु २३७६०००/– मध्ये माध्यमिक तहमा शुन्य दरबन्दी भएका पाँच ओटा विद्यालयका लागि गाउँपालिकाले व्यवस्थापन गरेका पाँच जना शिक्षकहरुको तलबभत्ता निकासा भैसकेकोमा सो को शोधभर्ना गर्ने र ज्ञानोदय मा वि मा एकजना शिक्षकको ७ महिना बराबरको तलबभत्ता निकासा दिने।

**निर्णय नं २०**

प्रस्ताव नं २० माथि छलफल गर्दा श्रावण र भाद्र महिनामा आएको बाढीले वडा नं ८ मा छहरेखोलादेखि भर्याङ्गफेदी सम्मको गोरेटो बाटो बिगारेकोले मर्मत गर्दा लागेको खर्च रु ४१६००/– भुक्तानी दिनका लागि वडा कार्यालयको च नं २४४ मिति २०७७।१०।०४ को पत्रबाट अनुरोध भई आएकाले वडा नं ८ को विपद् व्यवस्थापन योजनाबाट डोर हाजिरी बमोजिम भुक्तानी दिने।

**निर्णय नं २१**

प्रस्ताव नं २१ माथि छलफल गर्दा २०७७ साल जेष्ठ ३० गते पछिको मनसुनजन्य विपद्बाट यस गाउँपालिका भित्र क्षतिग्रस्त भएका निजी आवासहरु **मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७** बमोजिम सुरक्षित तरिकाले मर्मत, प्रवलिकरण, पुनर्निर्माण र पुनर्स्थापना गर्नका लागि विपद् व्यवस्थापन समितिको मिति २०७७।०६।१८ को बैठकले अनुमोदन गरेको क्षति विवरण अनुसार हाल मोवाइल एप्लिकेशन मार्फत संकलन गरिएको विवरणको आधारमा कार्यविधिको दफा ३ बमोजिम तपसिल बमोजिमका लाभग्राही पहिचान भएकाले सो को सूची सहितको विवरण लाभग्राही कायम गरी सम्झौता गरी निजी आवास निर्माण गर्ने प्रयोजनका लागि जिल्ला विपद् व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने गरी स्थानीय विपद् व्यवस्थापन समितिबाट सिफारिस भई आएकोले सो विवरण अनुमोदन गर्ने।

| क्र.स. | नामथर | ठेगाना | क्षति भएको मिति |
|---|---|---|---|
| १ | अभिनास सिलाधर | रघुगंगा-२, धुपीचौर | २०७७।०३।०६ |
| २ | शेर बहादुर सिलाधर | रघुगंगा-२, धुपीचौर | २०७७।०३।०६ |
| ३ | गोपाल दर्जी | रघुगंगा-२, ठुलाथर | २०७७।०४।१५ |
| ४ | किनामती थजाली | रघुगंगा-५, थजाली गाउँ | २०७७।०५।०९ |
| ५ | निर्मला गर्बुजा | रघुगंगा-५, लुकरूङ | २०७७।०६।०२ |
| ६ | दिल बहादुर पुन | रघुगंगा-६, कमानत | २०७७।०५।०२ |
| ७ | मन बहादुर छन्त्याल | रघुगंगा-८, दुवाडी | २०७७।०३।२७ |
| ८ | भक्ती प्रसाद छन्त्याल | रघुगंगा-८, छहरी | २०७७।०४।०५ |
| ९ | पृथीराज पुन | रघुगंगा-८, पाल्लेखर्क | २०७७।०४।०४ |
| १० | हंसविर पुन | रघुगंगा-८, पाल्लेखर्क | २०७७।०४।०४ |
| ११ | धन बहादुर पुन | रघुगंगा-८, पाल्लेखर्क | २०७७।०४।०४ |
| १२ | रमाया गर्बुजा | रघुगंगा ४ | २०७७।०४।०९ |

नोट: धनविर सिलाधर, गोरी गर्बुजा, नर प्रसाद छन्त्याल र निर प्रसाद छन्त्यालको घर मोना आइ इ सी द्वारा निर्माण हुने भएकाले यो विवरणमा समावेश नगरिएको।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भव बहादुर भण्डारी
अध्यक्ष

**निर्णय नं २२**

प्रस्ताव नं २२ माथि छलफल गर्दा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (सूचना तथा प्रविधि शाखा) को च नं ५४८, मिति २०७८।०२।०५ को पत्रसाथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोग (अनुसन्धान महाशाखा नं ४) को च नं २२२७५, मिति २०७८।०१।२८ को पत्र बैठकमा राखी छलफल गरियो। सो सम्बन्धमा साविक गाउँ विकास समितिहरुको बक्यौता पेश्की, बेरुजु तथा भौतिक सम्पतिहरुको लगत जिम्मेवारी सारेर फछ्र्यौट गर्ने तथा सम्पति संरक्षण गर्ने कार्य अगाडि बढाउने।

**निर्णय नं २३**

प्रस्ताव नं २३ माथि छलफल गर्दा यस आ.व मा कालिगण्डकी नदी र बेगखोला नदीका विभिन्न बगरहरुबाट नदीजन्य पदार्थको विक्री वितरण गर्ने गरी ठेक्का सम्झौता भएकोमा मिति २०७८।०२।०५ देखि मेशिन प्रयोगमा अवरोध सिर्जना भई गाउँपालिकाले हासिल गर्ने आम्दानी तथा विकास निर्माणका लागि आवश्यक नदीजन्य पदार्थको उपलब्धतामा समस्या देखा पर्ने भएको छ। आन्तरिक आम्दानीबाट तलब भत्ता दिने गरी ७ वटा सामुदायिक स्वास्थ्य इकाईमा १३ जना स्वास्थ्यकर्मी तथा कर्मचारीहरू, विभिन्न विद्यालयहरूमा ५ जना शिक्षक र ५ जना बालशिक्षा सहजकर्ताहरू नियुक्ती गरिएको छ ।यसबाट कोभिड १९ को विषम परिस्थितिमा स्वास्थ्यकर्मीहरुलाई तलबभत्ता प्रदान गर्न समस्या उत्पन्न हुनसक्ने देखिएको छ। अर्कोतर्फ विभिन्न भौतिक संरचनाहरू निर्माणका लागि नदीजन्य पदार्थ अति आवश्यक छ । यसै सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) घ (६) तथा दफा ६२क मा स्थानीय तहमा भएको अधिकार अनुसार ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४(४), गण्डकी प्रदेशको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, संकलन, क्रसिङ्ग र विक्रि वितरण तथा क्रसर उद्योग स्थापना र सञ्चालनलाई व्यवस्थित गर्ने कार्यविधि, २०७५ को दफा ६(३) बमोजिम नदीजन्य पदार्थ उत्खनन्, संकलन र विक्रि वितरणका लागि सहजीकरण गरिदिन जिल्ला समन्वय समिति, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी कार्यालयमा अनुरोध गर्ने ।

**निर्णय नं २४**

प्रस्ताव नं २४ माथि छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दीबाट प्रशासकीय भवन निर्माणका लागि रु ६००००००/- र वडा नं २ को कार्यालय भवन निर्माणका लागि रु २५०००००/- प्राप्त हुने भएकाले सो को यथाशीघ्र सम्झौता गर्ने।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भव बहादुर भण्डारी
अध्यक्ष